स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष १५ गते, २०७९ साल (संख्या ३१

भाग २

स्थानीय सरकार

ईन्द्रावती गाउँपालिका

नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७९

सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७९

प्रस्तावना : यस ईन्द्रावती गाउँपालिकाका जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरु को सावधिक जीवन बीमा तथा दुर्घटना बीमाको व्यवस्था गर्न वाञ्छनीय देखिएकोले ईन्द्रावती गाउँपालिकाको सत्रौ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ ।

परिच्छेद - १

१ संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले ईन्द्रावती गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "जनप्रतिनिधि" भन्नाले ईन्द्रावती गाउँपालिका भित्रका निर्वाचित बहालवाला अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष,वडा सदस्य र कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले गाउँपालिका कार्यालय, अन्तर्गतका वडाहरु, प्राथमिक अस्पताल र स्वास्थ्य संस्थामा कार्यरत स्थायी र अस्थायी तथा सेवा करारमा रहेका सबै तहका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(घ) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा दुर्घटना बीमा समेतलाई सम्झनु पर्दछ ।

(ङ) "जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्दछ ।

(च) "बीमालेख" भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्दछ ।

(छ) "बीमित" भन्नाले जीवन बीमा गराउने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(ज) "बीमा अभिकर्ता" भन्नाले बीमकको तलबी कर्मचारी नभई कमिशनको आधारमा बीमकको तर्फबाट काम गर्ने (बीमा ऐन २०४९ दफा ३० बमोजिम) इजाजत पत्र प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ञ) "कोष" भन्नाले गाउँपालिका भित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जीवन बीमा तथा दुर्घटना बीमाको कोष वा बिनियोजन गरेको रकम लाई सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले गाउँपालिकाभित्र जनप्रतिनिधि तथा कर्मचारीहरुको जीवन बीमा तथा दुर्घना बीमा गर्न व्यवस्था गर्ने बनेको दफा १० बमोजिम गठित कोष संचालन समितिलाई सम्झनु पर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले कोष संचालन समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) "सदस्य" भन्नाले कोष संचालन समितिका सदस्य सम्झनु पर्दछ र यस शब्दले समितिको अध्यक्षलाई समेत जनाउँद छ ।

परिच्छेद २

३. **कोष खडा गर्ने** : गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको जीवन बीमा तथा दुर्घटना बीमा तथा दुर्घटना बीमा गर्न एक कोष स्थापना गर्न सक्नेछ वा बजेट बिनियोजन गर्न सक्नेछ र त्यस्तो रकमको स्रोत गाउँपालिकाको आन्तरिक आम्दनी बाट प्रबन्ध गरिने छ ।

४. **बीमा गरिने** : गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सावधिक जीवन बीमाको लागि नेपाल सरकारबाट स्वीकृत प्राप्त बीमा कम्पनी सँग समितिले सोझै बीमालेखको सम्झौता गर्न सक्नेछ ।

५. गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई गाउँपालिकाले तिन लाख देखि पाँच लाख सम्मको सावधिक जीवन बीमा गराउन सक्नेछन र दुर्घटना बीमा अर्न्तगत पाच लाख सम्म गर्न सक्नेछन ।

६. गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु आफनो कार्यसम्पादन गर्दाका बखत हुन सक्ने दुर्घटनाबाट हुने क्षति बापत बीमित पक्षले देहाय अनुसारको सुविधा प्राप्त हुने गरी बीमालेख तयार गर्ने व्यवस्था मिलाइने छ ।

(क) दुर्घनाको कारण मृत्यु भएमा बीमा रकमको आधारमा पाँच लाख रुपैयाँ सम्म सावधिक जीवन बीमा तथा दुर्घटना बीमा अन्तर्गत प्राप्त गर्ने छन् ।

(ख) दुर्घटनाको कारणबाट श्रम नियमावली २०५० मा उल्लेख भए बमोजिमका चोटपटकका कारणबाट ७५ प्रतिशत भन्दा बढी असक्तता भएकोमा बीमा रकमको आधारमा पाँच लाख रुपैयाँसम्मको सावधिक जीवन बीमा तथा दुर्घटना बीमा अन्तर्गत प्राप्त गर्ने छन् ।

(ग) खण्ड (क) र (ख) मा लेखिएको अवस्थामा बाहेक दुर्घटनाबाट उपचार बापत लाग्ने खर्चको हकमा बिल बमोजिम बढीमा दुई लाख रुपैयाँसम्म वास्तविक उपचार खर्च दुर्घटना बीमा अन्तर्गत मात्र प्राप्त गर्ने छन् ।

तर,

(क) दुर्घटना बीमा अन्तर्गत मात्र त्यस्तो उपचार खर्च मध्ये २० प्रतिशत बराबर रकम सम्बन्धित बीमितले नै व्यहोर्नु पर्छ र ८० प्रतिशत बीमकले व्यहोर्ने छ ।

(ख) दुर्घटना बीमा अन्तर्गत मात्र उपचार खर्चको कुल रकम बीमाङ्को २ प्रतिशत भन्दा कम भएको अवस्थामा बीमितले क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

७. बीमितले लाभ प्राप्त गर्ने अवस्था : (१) बीमा लेख जारी भएकोमा बीमाबाटा बीमितले आफ्नो कर्तव्यपालनको सिलसिलामा भएको दुर्घटनाका कारण उत्पन्न देहायको कुनै अवस्थामा लाभ प्राप्त गर्न सक्नेछ ।

- सावधिक जीवन बीमा अन्तर्गत
  - (क) बीमित व्यक्तिको मृत्यु भएमा ।
  - (ख) बीमित व्यक्ति स्थायी रुपले पूर्ण वा आशिक रुपमा अशक्त भएमा ।
  - (ग) बीमित व्यक्ति अस्थायी रुपले पूर्ण अशक्त भएमा ।
- दुर्घटना बीमा अन्तर्गत
  - (क) बीमित व्यक्तिको मृत्यु भएमा ।
  - (ख) बीमित व्यक्तिको स्थायी रुपले पूर्ण वा आंशिक रुपमा अशक्त भएमा ।
  - (ग) बीमित व्यक्ति अस्थायी रुपले पूर्ण अशक्त भएमा ।

(घ) बीमित व्यक्ति दुर्घटनामा परी घरमै बसेर उपचार गर्नुपर्ने अवस्थामा निजको औषधोपचारमा बिल बमोजिमको लाग्ने खर्च बीमितले भराई लिन पाउने छ ।

(ङ) बीमित व्यक्तिको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले र ईच्छाएको व्यक्ति नभएमा नजिकको हकवालाले बीमा रकम बुझिलिन पाउने छ ।

८. **बीमितले बीमा सूविधा प्राप्त गर्न नसक्ने अवस्था :** दफा ७ मा जूनसूकै कूरा लेखिएको भए तापनि दूर्घटना बीमा अन्तर्गत देहायको अवस्था वा कारणबाट बीमितको मूत्यू भएमा वा निजलाई चोटपटक लागेमा देहाय बमोजिम सूविधा दाबी गर्न पाइने छैन ।

(क) कार्यालयको कामको सिलसिलामा बाहेक जोखिम छ भन्ने जानीजानी काम गरेको कारणले आफैले चोट पटक लगाएको भएमा आत्महत्या वा सो को प्रयास गरेमा मादक पदार्थ वा लागूऔषधीको प्रभावको कारणले कूनै घटना घटेको भएमा ।

(ख) प्रचलित कानून बमोजिम अनूमति प्राप्त हवाइजहाजमा यात्रा गरेको बाहेक अन्य उडानमा हवाइयात्रा गरी घटना घटेमा, कावा खेल्ने खेल ((Wheel Race), घोडा दौड, बन्जी जम्पिङ, प्याराग्लाइडिङ वा मोटरसाइकल दौड, पोलो, सिकार, स्की ड्राइभिड, पर्वतारोहण, निसानबाजी वा यस्तै साहसिक खेलमा संलग्न भएको कारण घटना घटेको भएमा ।

(ग) होस ठेगाना नभएको कारणबाट सिर्जना घटनामा बीमित व्यक्तिले प्रचलित कानून प्रतिकूल कार्य गरेका कारणबाट सिर्जिति परिमाणमा, दूर्घटनाबाट नभई उत्वेग वा स्नायू सम्बन्धी चोटपटकका कारणबाट घटेको घटना भएमा ।

(घ) मानव जीवन रक्षा गर्ने प्रयास गर्दा बाहेक नचाहिन्दो खतरा मोल्ने कार्य गरे बापत दूर्घटना भएमा

(ङ) आवणिक विकिरण वा आणविक इन्धनको विष्फोटन वा ज्वलन पछी बाकी रहन गएको पदार्थबाट निस्कने रेडियोधर्मीताको कारण हुने दूर्घटनामा ।

९. **बीमा शूल्क वा बीमितको योगदान** : यस कार्यविधि बमोजिम बीमा कमर्यक्रममा सहभागी हरेक बीमितका लागि वार्षिक रुपमा बीमा शूल्क बूझाउनू पर्ने, यस गाउँपालिका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु सावौजनिक पदमा रहून्जेलसम्म गाउँपालिकाले व्यहोर्ने छ ।

तर गाउपालिकाका जनप्रतिनिधि तथा राष्ट्सेवक कर्मचारीहरु सार्वजनिक पदमा नरहेको अवस्थामा बीमालाई पनरन्तरता दिन चाहेमा बीमित आफैले बीमा शूल्क बूझाउनू पर्नेछ ।

परिच्छेद ३

१०. कोषको सञ्चालन : यस कार्याविधिको दफा ३ बमोजिम स्थापित काषको संञचालन गाउञ्पालिकाले देहाय बमोजिमको समिति गठन गरी गर्नेछ ।

१. कोषको संचालन समिति

क) गाउपालिका अध्यक्ष — अध्यक्ष

ख) आर्थिक विकास समिति संयोजक — सदस्य

ग) सामाजिक विकास समितिका संयोजक — सदस्य

घ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येवाट एक जना महिला सहित तीन जना सदस्य

ङ) प्रमूख प्रशासकीय अधिकृत सदस्य — सचिव

२. कोषको संचालन

यस कार्यविधिको दफा १० वमोजिम स्थापित कोषको खाता प्रमूख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमूखको संयुक्त दस्तखतवाट संचालन हूनेछ ।

११. समितिको काम कर्तव्य र अधिकार : दफा १० वमोाजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हूनेछ ।

१. कोष संचालन समिति

क. कोषको संचालन तथा व्यवश्थापन गर्ने

ख. तोकिएको सावधिक तथा दूर्घटना वीमाको वीमा शूल्क गाउपालिकाको तर्फवाट व्यहोनु पर्ने

दायित्व भूक्तानीका लागि खर्च गरिने रकमको अंक तोक्ने तथा भूक्तानी दिने ।

ग. सावधिक जीवन वीमा तथा दूर्घटना वीमा सम्वन्धि वीमक तथा विमा कम्पनिसग समन्वय गरी सम्झौता गर्ने गराउने ।

घ. सावधिक जीवन विमा तथा दूर्घटना वीमा कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सहभागी गराउने ।

ङ. सावधिक तथा दूर्घटना वीमा सम्वन्धी भएका घटनाहरु वीमा लेखमा भए वमोजिम सिफारिस गर्ने

च. कोषको लेखा तयार गर्ने

छ. सावधिक जीवन विमा तथा दूर्घटना वीमा सम्वन्धि कार्यक्रम अर्न्तगत वीमितहरुको शूल्कको नियमित भूक्तानीको व्यवस्था मिलाउने

ज. वीमा व्यवशाय सम्वन्धि अन्य आवश्यक कार्य गर्ने गराउने ।

झ. यस कार्यविधिमा व्यवस्था भएको कार्यहरुलाई कार्यान्यवन गराउने ।

१२. कोष संचालन समितिको वैठक

१. समितिको वैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा हूनेछ ।

२. समितिको वैठक आवश्यकताका अनूसार वस्नेछ ।

३. समितिको वैठकको अध्यक्षमा समितिको अध्यक्षले गर्नेछ ।

४. समितिका कूल सदस्यको ६० प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पूगेको मानिनेछ ।

१३. प्रक्रिया निर्धारण गर्ने सक्ने : समितिले जनप्रतिनिधि तथा कर्मचारीहरुको सावधिक जीवन वीमा तथा दुर्घटना वीमाका सम्वन्धमा यस कार्यविधिमा व्यवस्था नभएका विषयमा आवश्यकता अनुसार थप प्रकृया निर्धारण गर्ने सक्नेछ ।

प्रमाणिकरण मितिः २०७९।०९।१५

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत